# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड
## पाँचौ बार्षिक साधारण सभाको
### कामकारवाहिको विवरण (माइन्यूट)

१. <u>वैधानिक सभा:</u>
नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडको संचालक समितिको निर्णयानुसार बोलाइएको यो पाँचौ बार्षिक साधारणसभा संचालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यू को सभापतित्वमा देहाय वमोजिम सु-सम्पन्न भयो ।

२. <u>सभाको मिति, स्थान र समय:</u>
मिति: २०५९ फाल्गुण ३० गते शुक्रवार (१४ मार्च २००३)
स्थान: होटल रत्ना, बिराटनगर
समय: अपरान्ह २ बजे देखि ३.३० बजे सम्म ।

३. <u>उपस्थिति:</u>
<u>संचालकहरुको उपस्थिति:</u>

| | | |
|---|---|---|
| क) श्री जगदीश प्रसाद अग्रवाल | – | अध्यक्ष |
| ख) श्री लोकमान्य गोल्छा | – | संचालक |
| ग) श्री बासुदेव गोल्याण | – | संचालक |
| घ) श्री तुलसीराम अग्रवाल | – | संचालक |
| ङ) श्री अवनीन्द्र कुमार श्रेष्ठ | – | संचालक |
| च) श्री श्याम सुन्दर शाह | – | संचालक |
| छ) श्री राजेन्द्र अर्याल | – | संचालक |
| ज) श्री रमेश कोइराला | – | संचालक |

<u>पर्यवेक्षकको उपस्थिति:</u>

| | | |
|---|---|---|
| क) श्री सुमन कुमार अधिकारी | – | प्रतिनिधि नेपाल राष्ट्रबैंक |
| ख) श्री देवेन्द्र बहादुर श्रेष्ठ | – | प्रतिनिधि राष्ट्रिय वाणिज्य बैंक |

<u>पदाधिकारीहरुको उपस्थिति:</u>

| | | |
|---|---|---|
| क) श्री सशीन जोशी | – | प्रमुख कार्यकारी अधिकृत |
| ख) श्री निर्मल दास श्रेष्ठ | – | चार्टड एकाउन्टेन्ट, निर्मल एण्ड कं. (लेखापरीक्षक) |
| ग) श्री पूनम कुमार गुप्ता | – | कानूनी सल्लाहकार |
| घ) श्री श्याम सापकोटा | – | कम्पनी सचिव |

४. <u>सभाको सूचना:</u>
पाँचौ वार्षिक साधारण सभा बस्ने बारेको सूचना, वार्षिक प्रतिवेदन तथा वासलात, नाफा-नोक्सान हिसाब र नगद-प्रवाह विवरण शेयरधनीहरुको उपलब्ध व्यक्तिगत ठेगानामा पठाउनु का साथै, क्रमश: कान्तिपुर दैनिकमा २०५९/११/३, र नेपाल समाचार पत्रमा २०५९/११/२३ गते प्रकाशित गरी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले समेत सूचित गरिएको थियो ।

५. सभामा भएका छलफलका बिषयहरु:

(क) पाँचौ वार्षिक साधारण सभाको लागि संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।

(ख) लेखापरीक्षकको प्रतिवेदनसहित २०५९ साल आषाढ मसान्तको वासलात, २०५८/४/१ देखि २०५९/३/३२ सम्मको नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

(ग) आर्थिक वर्ष २०५९/६० का लागि लेखांपरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(घ) संचालकहरुको बैठक भत्ता स्वीकृत गर्ने ।

(ङ) दोश्रो कार्यावधिकालागि संस्थापन समूहका तर्फवाट नियुक्त संचालकहरुको जानकारी गर्ने ।

(च) पाँचौ वार्षिक साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि शेयरधनीहरु र सञ्चालकहरुको तर्फबाट एक- एक जना प्रतिनिधि नियुक्त गर्ने ।

(छ) विविध ।

६. शेयरधनीहरुको उपस्थिति:

| कुल शेयरधनी संख्या | स्वयं उपस्थित | प्रतिनिधिपत्र द्वारा उपस्थित | जम्मा उपस्थित | बिकी भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| ३६५७८ (क–ख समूह) | १३६ | ३२ | १६८ | ६७.३३ |

७. गणपूरक संख्या एवम् वैधानिकता:

सभाको प्रारंम्भमा कम्पनी सचिवले यस साधारण सभा प्रचलित ऐन–कानून वमोजिम बोलाइएको र सभा संचालन गर्न वाणिज्य बैंक ऐन २०३१ को दफा ११ को उपदफा (५) बमोजिम आवश्यक गणपूरक संख्या पुगेको जानकारी सभालाई अवगत गराउनु हुंदै, आजको यस सभाको सभापतित्व गरी दिन संचालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवाल ज्यू लाई अनुरोध गर्नु भयो । यसरी आवश्यक गणपूरक संख्या विद्यमान रहेको र प्रचलित कानूनको पालना भएको हुंदा कम्पनी ऐन २०५३ को दफा ५६ का अधिन सभा विधिवत प्रारम्भ भयो ।

८. सभाको सभापतित्व

सभाका सभापति श्री जगदीश प्रसाद अग्रवालज्यू ले वार्षिक साधारणसभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनीमहानुभावहरुको हार्दिक स्वागत गर्दै सभाको कामकारवाही अगाडी वढाउनु भयो ।

९. वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुती:

सभापतिज्यूले आ.व. २०५८/०५९ को संचालक समितिको प्रतिवेदन सभामा पढेर सुनाउनु भयो । त्यसपछि लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०५८/०५९ को नाफा–नोक्सान हिसाब र वासलात छलफलका लागि सभामा प्रस्तुत गर्नु भयो । यसै क्रममा निम्नलिखित शेयरधनीमहानुभावहरुले जिज्ञासा, प्रश्न, सुझाव तथा मन्तव्य सभामा प्रस्तुत गर्नु भयो ।

१. श्री अमृतनाथ रेग्मी    २. भगवती प्र. अगरवाल

शेयरधनीहरुवाट व्यक्त जिज्ञासा, प्रश्न, सुझाव र मन्तव्य :

श्री अमृतनाथ रेग्मी

सुझावहरु :

१) देशको अर्थतंत्र लाई पुनरावलोकन गर्ने हो भने Negative growth मा हामी गइ रहेका छौ । यस्तो अवस्थामा भर्खरै शुरु भएका बैंकहरु जसले केही अनुभव संगाल्न वाकि नै छ, केही तरिकाहरु (Method) अपनाउन वाँकि छ, त्यस्ता को Health-Positive देखिन गाह्रै पर्दछ ।

२) Loan Loss Provision अति नै Jump गरेको देखा पर्‍यो । पहिलेका हाम्रा Clients लाई अझ वढी मात्रामा Monitoring गर्नु पर्‍यो, अरुलाई वचाएर आफू वाच्ने नीति अबलम्बन गर्नु पर्‍यो ।

३) Selective Lending Activity पट्टी विशेष ध्यान दिनु पर्‍यो । राम्रा-राम्रा Project चयन गर्नु पर्‍यो वा Snatch-out गर्न सक्नु पर्‍यो ।

४) प्रतिवेदनमा उल्लेख भएको Consumer Lending राम्रो तरीका भएता पनि, लामो प्रकिया एवंम् ग्राहकहरुको वृहत संजाल हुने Process भएकोले यसमा सावधानी अपनाउदै अलिक Selective हुनु पर्दछ, अन्यथा रणभूल्लमा पर्ने संभावना देखिन्छ ।

५) जग्गाको मूल्यमा गिरावट आएको वर्तमान समयमा बैंक को हेड अफिस, कर्पोरट अफिस वा शाखाहरुका लागि कमश: जग्गा खरीद गर्ने रणनीति अपनाउनु पर्‍यो ।

६) केन्द्रिय बैंकको निर्देशन अनुरुप Accounting Policy अपनाउनु पर्‍यो । End of The Quarter पछि लगतै आउने अर्को Quarter मा आएको आम्दानी वाहेक सो उप्रान्त अनावश्यक Accrual Basis मा आम्दानी बांध्नु जाति हुँदैन, यसले Cost वढन जान्छ र कर-को समस्या आउन सक्छ, त्यतापट्टी शुरुमा नै विचार पुर्‍याउनु पर्‍यो ।

७) नेपाल राष्ट्र बैंक वाट नियमित अनुगमन एवम् निर्देशन-परिपत्र मार्फत नियंत्रण हुंदा हुँदै पनि र नेपाल राष्ट्र बैंकले जारी गरेको लिष्ट बमोजिम मान्यताप्राप्त लेखापरिक्षक ले परिक्षण गरेर दिएको लेखा प्रतिवेदन लाई पुन: Clearance लिंदा, लाग्न जाने समयावधिले साधारण सभा सम्पन्न गर्न अझ ढिलो हुन जाने हुंदा त्यता पट्टी विचार पुर्‍याई दिन यसै सभावाट केन्द्रिय बैंकको ध्यानाकर्षण गराउन चाहन्छु ।

८) लेखाप्रतिवेदन आर्थिक वर्ष समाप्त भएको झण्डै ६ महिना पछि आएको देखिन्छ । आर्थिक वर्ष सकिएको ३ महिना भित्र लेखापरिक्षण कार्य सम्पन्न गराई कम्पनि ऐन र वाणिज्य बैंक ऐनले तोकेको म्याद ६ महिना भित्र वार्षिक साधारण सभा सम्पन्न गर्न व्यवस्थापनले विचार पुर्‍याइ दिनु पर्‍यो ।

९) नाफा धेरै घटेकोले शेयरहोल्डरका तर्फवाट गुनासो भएतापनि, प्रतिकूल परिस्थितिमा Problem सहेर भए पनि केहि मात्रामा नाफा देखाउन सकेको मा व्यवस्थापन लाई धन्यवाद छ ।

१०) आफनो मन्तव्य कममा, सफल बैकिङ्ग पृष्ठभूमि वाट आउनु भई भर्खरै जिम्मेवारी सम्हाल्नु भएका नव-नियुक्त प्रमुख-कार्यकारी अधिकृत श्री सशीन जोशी को कुशल नेतृत्व एवम् व्यवस्थापनमाआगामी दिनहरुमा बैंकले अग्रणि भूमिका निभाउदै सम्मानजनक स्थान प्राप्त गर्ने छ भन्ने अपेक्षा राख्दै, श्री जोशीको सफलताको कामना गर्नु भयो ।

श्री भगवति प्रसाद अगरवाल

१. भ्रमण भत्ता र खर्च कसको लागि र के कामको लागि भएको हो ?

२. मसलन्द र छपाई शीर्षकमा धेरै खर्च गरिएको छ, न्यून हुनु पर्दछ ।

३. आ. व. ०५८/५९ मा संचालक समितिको कति वटा बैठक बसेको छ ?

४. साधारण सभा सम्वन्धी खर्च के-के मा भएको हो ?

५. रकम स्थानान्तरण कमिशन के को कमिशन हो ?

६. मनोरंजन खर्च कस्तो मनोरंजनमा भएको खर्च हो ?

७. अन्य खर्चमा कुन-कुन खर्च सामेल गरिएका छन् ?

८. न्यून अग्रिम कर भनि कोष्ठक भित्र देखाइएको रकम के को हो ?

९. ब्याज मुल्तवी हिसाब अन्तर्गत देखाइएको रकम बैंकले तिर्नु पर्ने वा पाउनु पर्ने, कस्तो ब्याज रकम हो ?

१०. बैंकले कस्तो किसिमको लगानी अन्य बैंकहरुमा गरेको हो ?

११. स्थिर सम्पत्ति अन्तर्गत देखाइएको मेशिनरी के-कस्तो मेशिनरी हो ?

१२. अग्रिम भुक्तानी अन्तर्गत देखाइएको रकम के को अग्रिम भुक्तानी हो ?

१३. ग्यारेन्टी वण्ड भनेको के हो ?

१४. फरवार्ड एक्सचेन्ज कन्ट्राक्ट भनेको के हो ?

१५. बैंकले दिने मंजूरी तथा समर्थन के हो ?

१६. बैंकले क्रेडिट कार्ड, एटीएम कार्ड र ट्रेभलर्स चेकहरुको सेवा उपलब्ध गराउनु पर्ने सुझाव गर्दछु ।

सभामा उठेका जिज्ञासा एवंम सुझावहरुको प्रत्युतरको प्रस्तुतिकरण:

सभामा उठेका जिज्ञासा एवंम सुझावहरुका सम्वन्धमा व्यवस्थापनका तर्फबाट बैंकका प्रमुख कार्यकारी अधिकृतले आफ्नो धारणा सभामा प्रस्तुत गर्नु हुने जानकारी, सभापतिज्यूले गराउनु भएपछि प्रमुख कार्यकारी अधिकृतले राम्रा-राम्रा सुझाव र मार्गदर्शन का लागि आभार ब्यक्त गर्दै देहाय बमोजिम जवाफ दिनु भयो ।

१. प्रस्तुत समिक्षा अवधिमा बैंकले गरेको उपलब्धी प्रति सन्तोष गर्ने ठाउ छैन । जे जति गर्न सक्यौं प्रतिकूल असहज र गाह्रो अवस्थाको उपलब्धी भएकोले देशको आर्थिक अवस्था अनुकूल हुना साथ अपेक्षित नतिजा प्राप्त गर्न बैंक सक्षम हुने विश्वास ब्यक्त गर्दछौं ।

२. मुलभूत रुपमा Monitoring control सहित Selective Lending को नीति अपनाउदै संचालक समिति, वोर्ड क्रेडीट कमिटी र व्यवस्थापनले कार्य गरि रहेको छ, आउंदा दिनहरुमा सकारात्मक प्रतिफल पाउने अपेक्षा गरेका छौं ।

३. Product Base र Consumer Base सेवा दिनुपर्ने भएकोले Consumer Lending लाइ पूर्ण सावधानीका साथ कार्यान्वयन गर्नेछौं ।

४. कार्यालय एवं शाखा संचालनमा हाल ब्यहोर्नु परेको घरभाडा भन्दा कम खर्च पर्ने गरी उचित मूल्यको सुहाउदो पाएक पर्ने ठाउं पाइएमा, जग्गा खरीद तर्फ विचार गर्ने छौं ।

५. Accounting Policy नेपाल राष्ट्र बैंकले निर्दिष्ट गरेको प्रक्रिया अनुसार नै अपनाइएको छ ।

६. आगामी वर्ष ऐन-कानून मा भएको प्रावधान अनुरुप यथासमयमा नै वार्षिक साधारण सभा वोलाउने तर्फ हर सम्भव प्रयास गर्ने छौं ।

७. बैंकका कर्मचारीहरुबाट कार्यालय कार्यको सिलसिलामा भ्रमण गर्दा हुन गएका खर्चहरु भ्रमण भत्ता र खर्चमा देखाइएको छ ।

८. मसलन्द र छपाई खर्चमा नियंत्रण गरेको फलस्वरुप नै गत वर्षको दांजोमा यस वर्ष कमी आएको छ । भविष्यमा अझ नियंत्रित तवरले जाने छौं ।

९. आ.व. ०५८/५९ मा संचालक समिति र सो अन्तर्गतका उपसमितिहरु समेत कूल ५९ बैठक बसेको थियो ।

१०. साधारण सभा सम्वन्धि खर्च अन्तर्गत सूचना प्रकाशन, लाभांश पूर्जा, वासलात र कामकारवाहीको विवरण (माइन्यूट) छपाई एवं वितरण, सभा कक्षको भाडा, चिया-चमेना, भ्रमण र अन्य विविध खर्च समावेश छन् ।

११. भारतमा रहेको बैंकको एजेन्सी खातामा रकमान्तरण गर्दा लाग्ने बैंक चार्ज जस्ता खर्च रकम स्थानान्तरण कमिशन अन्तर्गत देखाइएको छ ।

१२. व्यापार प्रवर्द्धनका लागि भए -गरेका खर्च मनोरंजन खर्चमा समावेश गरीइएको छ ।

१३. अन्य खर्च अन्तर्गत सदस्यता शुल्क, कन्सल्टेन्सी शुल्क, क्लियरिङ, शेयर हस्तान्तरण खर्च, सवारी साधन नविकरण, हतियार नविकरण, पार्किङ्ग खर्च, लकर खर्च, धर्मादा खर्च आदि खर्चहरु देखाइएका छन् ।

१४. आयकर वापत व्यवस्था भन्दा बढी दाखिला हुन गएको रकमलाइ अग्रिम कर वापत कोष्ठकमा देखाइएको छ ।

१५. बिदेशी बैंकहरुमा ७ दिन भन्दा बढी अवधिका लागि राखिएको मौज्दातलाई अन्य लगानी अन्तर्गत देखाइएको छ ।

१६. स्थिर सम्पत्ति अन्तर्गत बैंकमा रहेका जेनरेटरहरुलाई मेशिनरीमा देखाइएको छ ।

१७. विमा, घर भाडा, SWIFT वापतको भुक्तानी र अन्य आदि शीर्षकमा गएको रकमलाई अग्रिम भुक्तानीमा देखाइएको छ ।

१८. ग्राहकको हकमा जमानी बसेर बैंकका तर्फबाट जारी गरिने Bid Bond, Performance Bond, आदि ग्यारेण्टी वण्ड हुन ।

१९. बैंकले जोखिम ब्यहोरेर बिदेशी-मुद्राको भविष्यमा कायम हुने विनिमय दर सम्बन्धमा ग्राहक र बैंक विच हुने आवधिक सहमती नै फरवार्ड एक्सचेन्ज कन्ट्याक्ट हो ।

२०. Sight एल. सी. बाहेक अन्य एल. सी. को भुक्तानी सम्बन्धमा आफ्ना ग्राहकको लागि बैंकले क्रेडिट-ग्यारेन्टी बसि दिने कार्य नै मंजुरी तथा समर्थन अन्तर्गत पर्दछ ।

२१. क्रेडिट कार्ड, एटीएम कार्ड र ट्रेभलर्स चेकको सेवा प्रदान गर्ने तर्फ आवश्यक संभाव्य अध्ययन भईरहेको छ क्रमश: यथासमयमा जानकारी गराउने नै छौं ।

**१०. सभाको निर्णय:**

**(क) छलफलको लागि सभामा प्रस्तुत बिषय सूचीको (क) बमोजिम संचालक समितिको प्रतिवेदन उपर छलफल भइसकेकोले सो लाई पारित गरियोस भनि सभापतिज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले ध्वनी मतका साथ सर्वसम्मतिले पारित गऱ्यो ।**

**(ख) बिषय सूचीको (ख) बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहितको २०५९ साल आषाढ मसान्तको वासलात र २०५८/४/१ देखि २०५९/३/३२ सम्मको नाफा–नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणलाई पारित गरियोस भनि सभापतिज्यूले प्रस्ताव राख्नु भएपछि छलफल पश्चात सभाले ध्वनी मतका साथ सर्वसम्मतिबाट पारित गऱ्यो ।**

**(ग) बिषय सूचीको (ग) बमोजिम आर्थिक वर्ष २०५९/०६० का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्तावमा छलफल हुंदा लेखापरीक्षक श्री निर्मल दास श्रेष्ठ, निर्मल एण्ड कम्पनी चाटर्ड एकाउण्टेण्टलाइ नियुक्ति गर्ने र पारिश्रमिकको हकमा साविकमा तोकिएको रकम रु.९६,८००/– मा दश प्रतिशतले बृद्धि गरि रु. १,०६,४८०/- प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।**

**(घ) छलफलको विषय सूची (घ) वमोजिम संचालक समितिले निर्धारण गरी सभामा प्रस्तावित गरेको देहायमा लेखिए वमोजिमको संचालकहरुको बैठक भत्तालाई सर्व सम्मतिबाट स्वीकृति प्रदान गरियो ।**

**बैठक भत्ता :**

| | | |
|---|---|---|
| **अध्यक्षलाई** | - | रु. ६,०००/- |
| **अन्य संचालकहरुलाई** | - | रु. ५,०००/- |

(ङ) विषय सूचि को (ङ) बमोजिम दोश्रो कार्यावधिका लागि संस्थापन समूहका तर्फबाट नियुक्त संचालकहरुको जानकारी गराउने सिलसिलामा सभापतिज्यूले देहायानुसारको जानकारी सभामा प्रस्तुत गर्नु भयो :

बैंकको नियमावलिको नियम ७ को उपनियम २(क) मा भएको व्यवस्था अनुरुप यस बैंकको संचालक समितिमा संस्थापक शेयरवालाहरुबाट ५ जना संचालकहरु मनोनीत गर्ने प्रावधान रहेको र सो मध्ये १ जना राष्ट्रिय वाणिज्य बैंकबाट मनोनीत हुने व्यवस्था रहेको हुँदा, बाँकी ४ जना संचालकहरुको नियुक्ती सम्बन्धमा हाल कार्यरत संचालकहरुले नै संचालक समितिमा प्रतिनिधित्व गरि रहने सर्वसम्मति कायम भएकोले निम्नलिखित संस्थापक महानुभावहरु संचालक पदमा पुर्ननियुक्त हुनु भएको, उपस्थित शेयरधनी महनुभावहरुलाई जानकारी गराइयो ।

१. श्री जगदीश प्रसाद अग्रवाल
२. श्री लोकमान्य गोल्छा
३. श्री वासुदेव गोल्याण
४. श्री तुलसी राम अग्रवाल

सभाले करतलध्वनीका साथ आफ्नो समर्थन व्यक्त गऱ्यो ।

(च) विषय सूचीको (च) वमोजिम पाँचौ वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नका लागि शेयरधनीहरुको तर्फबाट श्री योगेश कुमार अग्रवाल तथा संचालकहरुको तर्फबाट श्री अवनीन्द्र कुमार श्रेष्ठ लाई प्रतिनिधि नियुक्त गर्ने निर्णय सर्वसम्मतिबाट पारित भयो ।

(छ) विविध अन्तर्गत केही विषय न भएकोले कुनै छलफल भएन ।

११. <u>धन्यवाद ज्ञापन एवं विसर्जन:</u>

अन्त्यमा शेयरधनीमहानुभावहरुले आफ्नो अमूल्य समय प्रदान गरी दिनु भई बडो सौहार्दपूर्ण वातावरणमा आजको यो वार्षिक साधारणसभा सफलतापूर्वक संचालन गर्नमा सहयोग गरिदिनु भएकोमा उपस्थित शेयरधनीमहानुभावहरु, एनआइडीसी क्यापिटल मार्केट्स लि., बैंक व्यवस्थापन परिवार, नेपाल राष्ट्र बैंकबाट पाल्नु भएका पर्यवेक्षक तथा श्री राष्ट्रिय वाणिज्य बैंकका प्रतिनिधि लाई संचालक समितिको तर्फबाट धन्यवाद ज्ञापन गर्दै सभापतिज्यूले यो पाँचौ वार्षिक साधारणसभा विसर्जन भएको घोषणा गर्नु भयो ।

| शेयरधनीहरुको तर्फबाट | संचालकहरुको तर्फबाट | अध्यक्ष |
|---|---|---|
| योगेश कुमार अग्रवाल | अवनीन्द्र कुमार श्रेष्ठ | जगदीश प्रसाद अग्रवाल |
| शेयरधनी | संचालक | सभापति |

कम्पनी सचिव